शान्तिका लागि सहकार्यको प्रकाशन

जेठ २०६३

शान्तिका लागि सहकार्य (Friends for Peace) संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएको गैर नाफामुखी गैर सरकारी संस्था हो। यो संस्था नेपालमा द्वन्द्व रूपान्तरणको क्षेत्रमा अनुसन्धानको माध्यमबाट सहयोग पुर्‍याउन र भविष्यमा हुने शान्तिवार्तामा सहयोग पुर्‍याउने उद्देश्यले वि सं २०६१ साल वैशाखमा स्थापना भएको हो।

# नेपालको सन्दर्भमा संविधानसभाः एक संक्षिप्त परिचय[1]

प्रा कृष्ण प्र खनाल

## १. परिचय

नेपाली जनताको अभूतपूर्व सहभागिता भएको जनआन्दोलन २०६२/०६३ द्वारा पुनर्स्थापित संसदले नयाँ संविधान निमार्णका लागि संविधानसभाको चुनाव गर्ने निर्णय गरिसकेको छ। संविधानसभा किन भन्ने प्रश्न अब बाँकी रहेन। अबको मुख्य प्रश्न भनेको नेकपा (माओवादी) को सशस्त्र विद्रोहसँग जोडिएका सवालहरूलाई वार्ताका माध्यमबाट सम्बोधन गर्दै उनीहरू समेतको सहमति र सहभागितामा संविधानसभाको निर्वाचन शान्तिपूर्ण एवं निष्पक्षरूपमा सम्पन्न गर्नु हो। यो लेख अंग्रेजी भाषामा जनआन्दोलन २०६२/०६३ अगाडी नै तयार गरिएको विस्तृत लेखको सारसंक्षेप मात्र हो। तथापि यस लेखमा उठाइएका कतिपय विषयहरू अहिले पनि उत्तिकै सान्दर्भिक छन्। संविधानसभाको चुनाव एवं संविधान निमार्णका क्रममा टुङ्गो लगाउनु पर्ने विषयहरू यथावत नै छन्। तसर्थ यो लेख बदलिएको सन्दर्भमा पनि उपयोगी सिद्ध हुनसक्ने भएकाले त्यसको नेपाली सारसंक्षेप प्रस्तुत गरिएको छ।

हाल चलिरहेको सार्वजनिक बहसमा संविधानसभा एउटा लोकप्रिय विषय बनेको छ। यसलाई माओवादी विद्रोह लगायत देशको विद्यमान संकटको निकासको रूपमा हेरिएको छ। नेकपा (माओवादी) सँगको वार्ता दुईपटक असफल भइसकेको सन्दर्भमा यदि मुलुकमा शान्ति स्थापना हुन्छ भने संविधानसभा बारेको माओवादी माग स्वीकार गर्दा कुनै नोक्सानी छैन भन्ने जनताको विचार छ।

सरल अर्थमा संविधानसभा भन्नाले लोकतन्त्रमा जनता आफैले संविधान बनाउने संस्थागत प्रक्रिया हो भन्ने बुझिन्छ। लोकतान्त्रिक व्यवस्थामा सार्वभौमसत्ता जनतामै निहित हुने भएकोले मुलुकको संविधान निर्माण गर्ने र राज्य व्यवस्था संचालन गर्ने अधिकार पनि जनताकै हो। अर्को अर्थमा समग्र राज्यपद्धतिमाथि जनताले आफ्नो स्वामित्व, लोकतान्त्रिक वा अपनत्व स्थापित गर्ने माध्यम पनि संविधानसभा हो। लोकतान्त्रिक पद्धति निर्माण गर्ने पहिलो आधार संविधानसभालाई मान्न सकिन्छ। यस अर्थमा संविधानसभा सिद्धान्त र प्रक्रिया दुवै हो।[2]

यो लेखमा निर्वाचित संविधानसभा मार्फत् नयाँ संविधान निर्माण गर्ने आवश्यकतासम्बन्धी विविध सवालहरूलाई सम्वोधन गर्ने प्रयास गरिएको छ। यसमा संविधान निर्माणसँग सम्बन्धित निम्न लिखित खास खास सवालहरूको चर्चा गरिएको छ।

१. संविधान निर्माणको अवधारणात्मक र सैद्धान्तिक पक्ष।
२. द्वन्द्व प्रभावित देशमा विशेष रूपले केन्द्रित भएर संसारका अन्य भागहरूमा संविधान निर्माण सम्बन्धमा प्राप्त गरिएका अनुभव र शिक्षाहरू।
३. माओवादी विद्रोहलाई सम्बोधन गर्न नयाँ संविधानको आवश्यकता।
४. यदि निर्वाचित संविधानसभा मार्फत नयाँ संविधान निर्माण गर्ने राष्ट्रिय सहमति भएका संविधानसभाको कार्यान्वयनबारे संक्षिप्त चर्चा।

## २. संविधानहरू र संवैधानिक सिद्धान्त

प्राचीन कालदेखि नै उदारवाद, निरपेक्ष समानतावाद, साम्यवाद अथवा समाजवाद संविधान निर्माणको प्रश्नमा सबै भन्दा बढी प्रतिस्पर्धा भएका र प्रमुख विषय रही आएका छन्। तर हालैका वर्षहरूमा संविधानको मूलभूत कुरा र यससँग सम्बन्धित चासोमा उल्लेखनीय परिवर्तन आएको छ। जातजाति र सांस्कृतिक आयमको बावजुद लोकतन्त्र अझै पनि आधारभूत मार्गदशक सिद्धान्त रही आएको छ।

युनानी कालदेखि हालसम्मका विद्वान्हरूले संवैधानिक प्रणालीका अध्ययन र अन्वेषण गर्ने प्रयास गरेका छन्। तर संविधान र संवैधानिक विकास सम्बन्धी आधुनिक अवधारणाको विकास संसदीय व्यवस्थाको विकाससँगै भएको छ। बितेका शताब्दीहरूमा संविधानको निरन्तर व्यवहारिक अभ्यासको क्रममा अनेक, सिद्धान्त, व्यवहार र मूल्यहरू स्थापना भएका छन् जसलाई अक्सर संवैधानिक विकास अथवा संवैधानिक सिद्धान्त भनिन्छ। संवैधानिक विकास भनेको त्यो चरण हो जहाँ जनताका परिवर्तनशील आकांक्षाहरू परिपूर्ति गर्ने शासन सत्तालाई बलपूर्वक हटाइदैन। यो चरणमा जनताको मतपत्रद्वारा संवैधानिक व्यवस्थाभित्र परिवर्तन सम्भव छ।

एउटा संविधानले धेरैवटा महत्त्वपूर्ण कार्यहरू सम्पादन गदर्छ। यसले राज्यलाई, जसभित्र विभिन्न स्वार्थ समूहहरूको सह-अस्तित्व रहेको हुन्छ, वैधानिकता र वैधता प्रदान गर्दछ। यसले राज्यको आधारभूत संरचना प्रदान गर्दछ, जसको वरिपरि राजनीतिक प्रक्रिया संचालन भएको

[1] यस लेखमा व्यक्त भएका विचारहरू लेखकका आफ्नै हुन्।
[2] यो अनुच्छेद १७ वैशाख २०६३ मा कान्तिपुर दैनिकमा प्रकाशित लेखकसँगको कुराकानीमा आधारित लेख 'संविधानसभा' बाट साभार गरिएको हो।

शान्तिका लागि सहकार्य
११७/३६, पूजा प्रतिष्ठान मार्ग, पुरानो वानेश्वर, पोष्ट बक्सः ११०३३, काठमाडौं, नेपाल
फोनः ४४८०४०६, फ्याक्सः ४४७२७९८, इमेलः info@ffp.org.np, वेब साइटः www.friendsforpeace.org.np

हुन्छ । यसलाई राज्यको सर्वोच्च कानून मानिन्छ र अरू कानूनहरू यस अनुरूप हुनु पर्दछ ।

विगतका अनुभवहरूले देखाएका छन् कि लोकतन्त्रका आधारभूत सिद्धान्तसँग मेल नखाने तथा जनताका मुनासिव आकांक्षाहरूलाई दवाउन चाहने संवैधानिक व्यवस्था अन्त्यमा ढल्दछ, जनताको नागरिक अधिकारलाई स्वीकार गर्ने र सबै क्षेत्रका जनतालाई प्रतिनिधित्व गर्ने लोकतान्त्रिक संविधान मात्र कायम रहन सक्छ ।

## ३. संविधान निर्माणका केही उदाहरणहरू

संविधान निर्माणको सबैभन्दा लोकप्रिय तरिका संविधानसभाको निर्वाचनद्वारा अधिकतम जनताको सहभागिता सुनिश्चित गर्नु हो । तर संविधान निर्माणका अरू तरिकाहरू पनि छन् । कुनै संविधानहरू राजाद्वारा लागू भएका छन्, कुनै सम्मेलनद्वारा निर्माण भएका छन् र कुनै संसद अथवा जनमत संग्रहद्वारा अनुमोदित भएका छन् । बेलायत, इस्राइल र न्यूजिल्याण्डको लिखित संविधान छैन तर ती देशहरूमा लोकतन्त्रिक पद्धति धेरै बलियो छ र त्यहाँ बिरलै मात्र संवैधानिक गतिरोधहरू आएका छन् ।

सबै देशहरूको संविधान बनाउने, संसोधन गर्ने र अर्को संविधान निर्माण गर्ने आफ्नै प्रकारको इतिहास हुन्छ । यदि संविधानको उद्देश्य र मर्मले काम गर्न छोड्यो भने मुलुकले यसको समीक्षा गर्नुपर्छ, संसोधन गर्नुपर्छ र कहिलेकाही यसमा उल्लेखनीय परिवर्तन समेत ल्याउनु पर्छ । यस लेखमा अमेरिका भारत, दक्षिण अफ्रिका र केन्या गरी जम्मा चारवटा देशहरूको संविधान निर्माण बारेका अनुभवहरूको चर्चा गरिएको छ ।

### ३.१. अमेरिकी अनुभव

सन् १७८६/८७ तिरै संविधानसभाद्वारा संविधान मस्यौदा गरी संविधान लागु गर्ने पहिलो देश अमेरिकालाई मानिन्छ । तर यसलाई जनताले सोझै निर्वाचन गरेको नभई ५० राज्यका एक-एक जना प्रतिनिधिहरूको सम्मेलनले स्थापना गरेको थियो । संविधानमा सर्वाजनिक स्वामित्व प्राप्त गर्न अमेरिकी जनतालाई अधिकतम प्रजातान्त्रिक विशेषाधिकार प्रदान गरिएको थियो ।

### ३.२. भारतीय अनुभव

भारतको संविधान मस्यौदा गर्ने भारतीय संविधानसभा पनि सोझै जनताबाट निर्वाचित भएको थिएन । संविधानसभाको निर्वाचन गर्नु भन्दाअघि स्वतन्त्र भारत तर्फको संवैधानिक संक्रमणलाई सहज बनाउन प्रान्तीय निर्वाचन सम्पन्न भएको थियो । संविधानसभाले भारतमा गणतन्त्रको जग हाल्ने लक्ष राखेको थियो र शक्ति र प्राधिकार जनताबाट प्राप्त भएको थियो ।

कार्यान्वयन भएको एक सय वर्ष पुगिसक्दा पनि र एक सय पटक भन्दा बढी संसोधन भइसक्दा पनि यो संविधानले जनताको आकांक्षाको प्रतिनिधित्व गरेको छैन र यसले बेलायती उपनिवेशवादको विरासत बोकेको छ भन्ने आवाज उठिरहेको छ ।

संविधानसभाका एक तिहाई सदस्यहरू जनताबाट निर्वाचित भएका नभई शासकहरूबाट मनोनित भएका थिए । त्यतिमात्र होइन अनुमोदनका निम्ति यसलाई जनता समक्ष समेत राखिको थिएन । त्यसकारण यसले भारतीय जनताको सार्वभौम जनादेश प्राप्त गरेको थिएन ।

### ३.३. दक्षिण अफ्रिकी अनुभव

दक्षिण अफ्रिकाले बहुजातीय र बहुसांस्कृतिक देशको समस्या समाधान गर्ने गरी संविधान निर्माण गर्नमा नवीनतम उदाहरण पेश गरेको छ । बाधा व्यवधान हुँदाहुँदै पनि मतभिन्नता समाधान गर्न त्यहाँ न्यूनतम सहमति कायम गरियो । यसले हिंसात्मक द्वन्द्वको स्थितिमा भएका देशहरूलाई उपयोगी हुने चारवटा महत्त्वपूर्ण योगदानहरू गरेको छ । तिनीहरू निम्न छन:

- बहुदलीय वार्ता प्रक्रियाको सूत्रिकरण गरियो ।
- वार्ताको प्रक्रियासम्बन्धी निर्णयमा पुग्न आम सहमतिको सूत्र अवलम्बन गरियो । जहाँ यो सम्भव भएन त्यहाँ 'पर्याप्त सहमतिको' व्यवहारिक दृष्टिकोण अवलम्वन गरियो ।
- ३४ बुँदे सम्वैधानिक सिद्धान्त पारित गरियो जसलाई सबै संविधान निर्माताहरूले पालन गर्नु पर्ने हुन्थ्यो ।
- राज्यको वास्तविक प्राधिकार बहुदलीय वार्ता प्रक्रियामा स्थानन्तरण गरियो । एफ डब्ल्यू डे क्लार्कको अल्पसंख्यक गोरा सरकारसँग औपचारिक प्राधिकार कायम रहेको भएपनि यसलाई बहुदलीय वार्ता प्रक्रियाको सहमतिमा मात्र प्रयोग गर्न सकिन्थ्यो ।

४ अप्रिल १९९४ (२२ चैत २०५०) मा दक्षिण अफ्रिकामा सम्पन्न भएको संविधानसभाको निर्वाचन पहिलो रंगभेद विहीन लोकतान्त्रिक निर्वाचन थियो । दक्षिण अफ्रिकाको संविधान निर्माण प्रक्रियाको एउटा उल्लेखनीय पक्ष के थियो भने यसमा हरतरहले अत्याधिक जन सहभागिता जुटाउने प्रयास गरियो जसले गर्दा यो दस्तावेजले जनताको आकांक्षा प्रतिविम्वित गऱ्यो र यसमा उनीहरूको स्वामित्वको प्रत्याभूति गऱ्यो । संवैधानिक परिषद्ले मस्यौदामा भएको संशोधन र परिवर्तनलाई अनुमोदन गऱ्यो । नेल्सन मण्डेलाले हस्ताक्षर गरेपछि ४ फरवरी १९९७ (२२ माघ २०५३) मा यसलाई कार्यान्वयन गरियो । तर यसको प्रक्रिया सन् १९९४ (वि सं २०५०/५१) मा नै शुरु भएको थियो ।

### ३.४. केन्याको अनुभव

संवैधानिक संकट र आन्तरिक द्वन्द्वबाट गुज्रिरहेका देशहरूका लागि संविधान निर्माणबारे केन्याको वर्तमान अनुभव पनि सान्दर्भिक छ । केन्याका जनताहरूले विभिन्न समूह र समुदाय मार्फत् संविधान निर्माण प्रक्रियाको पहल गरे ।

जनताको दबावमा सन् १९९० (वि सं २०४६/४७) मा केन्यामा लोकतन्त्रको पुन:स्थापना भयो । जनतको दबाव मुख्यरूपले तत्कालिन संविधान परिवर्तन गर्ने तर्फ केन्द्रित थियो । केन्याका जनताले संविधान प्रतिको सम्मान र राजनीतिक व्यवस्था प्रतिको विश्वास गुमाएका थिए । यसले संविधान निर्माण प्रक्रियालाई जटील बनायो । नयाँ संविधान निर्माणबारे व्यापक तर्क वितर्क, छलफल र सम्वादका लागि देशभरी संवैधानिक मञ्चहरू स्थापना गरिए । विस्तृत विश्लेषण र जनसमुदायबाट आएका व्यापक सुझावहरूलाई समावेश गरेर मार्च २००४ (फागुन २०६०) मा संविधान परित गरियो र अहिले यो अन्तिम चरणमा छ ।

## ४. नेपालमा नयाँ संविधानको आवश्यकता

वि. सं. २००४ (सन् १९४८) मा पहिलो संविधान प्राप्त गरेदेखि नै संविधान निर्माण सम्बन्धमा नेपालको सुसंगत अनुभव छैन । अहिलेसम्म नेपालमा लागू भएका पाँचवटा संविधानहरू मध्ये कुनै पनि सिलसिलेवार र खँदिला थिएनन् ।

नेपालमा पहिलो संविधान निर्माण गरेदेखि नै जनताका आकांक्षाहरूलाई एकातिर पन्छाएर केही मुट्ठीभर व्यक्तिहरूले संविधान निर्माणमा प्रमुख भूमिका खेलिरहेका छन् । ती प्रत्येक संविधान या त राजाको निगाहमा या त राजा र राजनीतिक पार्टीहरूको असंगत सम्झौताद्वारा लागू भए ।

पहिलो संविधान राणा शासन कालमा वि सं २००४ (सन् १९४८) मा लागु भएको थियो । राणा शासन समाप्त भएपछि अन्तरिम शासन विधान लागू भयो । वि. सं २०१५ (सन् १९५८) मा राजा महेन्द्रले अर्को संविधान लागू गरे । वि. सं २०१७ (सन् १९६०) मा उनले यो संविधानलाई भंग गरेर देशको सार्वभौमसत्ता राजामा रहने गरी फेरि अर्को संविधान लागू गरे । वि सं २०३६ (सन् १९७८) को विवादास्पद

शान्तिका लागि सहकार्य
११७/३६, पूजा प्रतिष्ठान मार्ग, पुरानो वानेश्वर, पोष्ट बक्स: ११०३३, काठमाडौं, नेपाल
फोन: ४४८०४०६, फ्याक्स: ४४७२७९८, इमेल: info@ffp.org.np, वेब साइट: www.friendsforpeace.org.np

जनमत संग्रहपछि गरिएको संशोधन लगायत यो संविधानलाई तीन पटक संशोधन गरियो ।

अन्त्यमा राजतन्त्रले वि सं २०४६ (सन् १९९०) को जनआन्दोलनको अगाडि झुक्नु पर्‍यो । यही आन्दोलनको परिणाम स्वरूप वर्तमान संविधान आएको हो । दरबार, संयुक्त वाम मोर्चा र नेपाली कांग्रेसका प्रतिनिधिहरूबाट बनेको संविधान सुधार आयोगले यो संविधानको मस्यौदा तयार गरेको थियो । तर यो आयोगको अधिकार क्षेत्र राजाले तोकेको थियो र यसले आफ्नो प्रतिवेदन राजालाई बुझाउनु पर्थ्यो । मन्त्री परिषद्सँग सल्लाह गरेर तत्कालिन राजाले यो संविधान लागू गरे । यो संविधानलाई अहिलेसम्म बनाइएका संविधानहरूमा सबैभन्दा राम्रो भन्ने गरिएको भए पनि यसमा अस्पष्ट प्रावधानहरू थिए जसलाई आउने दिनहरूमा फरक-फरक ढंगले प्रयोग र व्याख्या गरियो । वि. सं. २०४७ (सन् १९९०) मा संविधान लागू भएदेखि नै अहिले नेकपा (माओवादी) भनेर चिनिने एउटा वामपन्थी समूहले यो संविधानको विरोध गर्‍यो र १ फागुन २०५२ (१३ फेब्रुवरी १९९६) देखि त यसले सशक्त संघर्ष नै शुरु गर्‍यो यो दलले संविधानसभाको चुनावको माग गरिरहेको छ जुन अहिले आएर राष्ट्रिय बहसको विषय बनेको छ ।

## ५. संविधानसभा किन ?

नेपालको संवैधानिक इतिहासमा संविधानसभाको विचार नौलो होइन । यसको इतिहास केलाउँदा हामी वि सं २००७ ताका पुग्दछौं, जब नेपाली कांग्रेसको नेतृत्वमा लोकतान्त्रिक सुधारका निम्ति देश तयार हुँदै थियो । तर छिटो छिटो सरकारमा आएका परिवर्तनहरूले गर्दा संविधानसभाको विचार ओझेलमा पर्‍यो । वि सं २०१५ (सन् १९५८) सम्म संविधानसभाको माग प्रवल रूपले उठेको थियो र प्राय सबैजसो दलहरूले यसको वकालत गरेका थिए । वि. सं. २०१५ (सन् १९५८) मा राजा महेन्द्रबाट प्रतिनिधि सभाका लागि निर्वाचनको घोषणा भएपछि जनताको आशामा तुषारापात भएको थियो ।

त्यति बेलादेखि वि सं २०४६ (सन् १९९०) को जन आनदोलन भन्दा पछि माओवादीहरूले यो विषयलाई फेरि नउठाएसम्म संविधानसभाको विषय सुसुप्त रहेको थियो । माओवादीहरूले वि सं २०५८ (सन् २००१) मा भएको वार्ताको प्रक्रियामा तीनवटा एजेण्डा मध्ये एउटा एजेण्डाको रूपमा संविधानसभाको विषय उठाएका थिए । १८ असोज २०५९ (४ अक्टुवर २००२) को राजाको कदमपछि संसदीय राजनीतिक दलहरूले समेत यसलाई आफ्नो मुख्य एजेण्डा बनाई आन्दोलनमा उत्रेका थिए ।

### ५.१ छलफलका विषयहरू

माओवादी विद्रोहको अतिरिक्त वि सं २०४६ (सन् १९९०) पछि अरु विविध राजनीतिक विषयहरू समेत अग्रस्थानमा आएका छन् । यसैबीचमा राजाले कार्यकारी अधिकार लिएपछि यसले आगोमा घिउ थप्ने काम गरेको छ र राजनीतिक दलहरूले जनमत संग्रहको संवैधानिक प्रावधान, शाही विशेषाधिकारमा व्यापक कटौती, अल्पसंख्यक र सीमान्त वर्ग समुदायहरूको समस्याहरूको सम्बोधन र सशस्त्र सेनालाई निर्वाचित राजनीतिक निकाय वा संसदको मातहतमा राख्ने जस्ता १८ बुँदे न्यूनतम कार्यक्रम पारित गरेका छन् । यसरी स्थापित राजनीतिक नेतृत्वको आम असन्तोष र राजाको बढ्दो भूमिकाको कारण संविधानसभा सार्वजनिक छलफलको विषय मात्र बनेको छैन बरु यसले व्यापक जनसमर्थन पाएको कुरा जनआन्दोलन २०६२/६३ ले पुष्टि गरेको छ । यसै जनआन्दोलनको मर्म अनुरूप पुन:स्थापित प्रतिनिधिसभाले देशमा नयाँ संविधान निर्माण गर्न संविधानसभाको निर्वाचन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरिसकेको छ । यसरी देश संविधानसभाको निर्वाचन विधि र संयन्त्रको छलफलमा प्रवेश गरिसकेको छ ।

#### ५.१.१ राज्यको पुन:संरचना

राजाले १९ माघ २०६१ मा चालेको कदमले संवैधानिक परिवर्तन र राज्यको पुन:संरचना बारेको बहसलाई गति दिने काम गर्‍यो । आजको राज्य संरचनाले देशका विविध समस्याहरूको सम्बोधन गर्न सक्दैन भन्ने नेपाली जनताहरू ठान्दछन् । मूल प्रवाहमा रहेका दलहरू प्रगतिशील सुधारको माग गर्दछन् भने माओवादीहरूले जातिय स्वशासन, विकेन्द्रीकरण, समानुपातिक प्रतिनिधित्व, क्षेत्रीय स्वशासन र संघीय संरचनालाई बहसको केन्द्रविन्दु बनाएका छन् ।

#### ५.१.२ राजतन्त्रको विरुद्धमा गणतन्त्र

हाल देशमा बढिरहेको गणतन्त्रीय भावनाको लागि मुख्य रूपले राजतन्त्रको भूमिका नै जिम्मेवार छ । १९ जेठ २०५८ (१ जुन २००१) को दरवार हत्याकाण्ड र १८ असोज २०५९ (अक्टोवर २००२) मा राजाले सत्ता हत्याउने घटना पछि राजतन्त्र प्रतिको विश्वासमा ठूलो पैरो गएको छ । यसले राजतन्त्रप्रतिको सम्मान र आदरलाई धमिलो पारेको छ र माओवादीहरूले अघि सारेको गणतन्त्रको एजेण्डाले जन साधारण र विशेष गरी युवाहरूको बीचमा लोकप्रियता प्राप्त गरिरहेको छ । मूल प्रवाहका दलहरूले आयोजना गरेका प्रत्येक विरोध कार्यक्रम र प्रर्दशनहरूमा राजतन्त्र विरोधी नारा र गणतन्त्रका पक्षका आवाजहरू झन्झन् चर्का बनिरहेका छन् ।

#### ५.१.३ संघीय एजेण्डा

संघीयवाद नेपालको राजनीतिक वृत चित्र र बाहिर चलिरहेको राज्यको पुन:संरचना बारेको बहसको एउटा अभिन्न अंग बनेको छ । यसले सांस्कृतिक, जातिय, र सीमान्त वर्गद्वारा प्रतिनिधित्व भएका भौगोलिक क्षेत्रहरूलाई स्वशासन दिनु पर्ने कुरामा जोड दिन्छ । तर मुख्यमुख्य राजनीतिक दलहरूले यसलाई विखण्डन र विभाजनकारी भनेर विरोध गरेका छन् । हाल आएर राजनीतिक दलहरू र नेतृत्व तहहरूमा पनि संघीयवादका समर्थकहरूको संख्या बढ्दै छ । संघीयवादीहरूको विचारमा वर्तमान व्यवस्था नेपाली समाजको एकरूपताको पक्षमा छ । वि. सं. २०४६ (सन् १९९०) मा प्रजातन्त्रको पुन:स्थापना पछि नेपालमा जातिय आन्दोलनको पुनरुत्थान भएको छ जहाँ भेदभाव, असमाहिकरण, पहिचान र इतिहास तथा सांस्कृतिको पुनर्व्याख्याका प्रश्नहरू उठेका छन् ।

#### ५.१.४. समानुपातिक प्रतिनिधित्व

समानुपातिक प्रतिनिधित्वको सवाललाई विभिन्न दल र समूहको बीचमा एउटा एजेण्डाको रूपमा चर्चा गरिँदैछ । वि सं २०४७ (सन् १९९०) को संविधान अन्तर्गत प्रतिनिधित्वको व्यवस्था खोटपूर्ण छ । यो संविधान अन्तर्गत ३० प्रतिशत जनसंख्या भएका पहाडी जाति समूहले ६० प्रतिशत सीट ओगटेका छन् र ७ प्रतिशत जनसंख्या भएका पहाडी दलितहरूले वि. सं. २०४७ (सन् १९९१) को संसदमा एउटा सिट मात्र पाएका थिए ।

त्यसकारण समानुपातिक प्रतिनिधित्वको लागि विद्यमान जिल्लाहरूमा बहुसदस्यीय निर्वाचन क्षेत्रको आवधारणा लागू गर्नुपर्छ । जिल्लाहरूले जनसंख्याको आकार अनुसार ५ देखि २६ सिटको प्रतिनिधित्व गर्नेछन् । राजनीतिक पार्टीहरूले जनसंख्याको अनुपात अनुसार आफ्ना उम्मेद्वार छनौट गर्नुपर्दछ । यो पद्धति अनुसार संसदमा सामान्यतया कुनै पनि दलहरूको बहुमत हुने छैन । यसको परिणाम स्वरूप संयुक्त सरकार गठन हुनेछ जसमा विभिन्न सीमान्त समुदायहरूको उत्तम प्रतिनिधित्व हुनेछ ।

## ६. नेपालमा संविधानसभाको कार्यान्वयन प्रणाली

राजनीतिक दलहरूका विविध विचारहरूको सन्दर्भमा नेपालको परिप्रेक्षलाई ध्यानमा राखेर संविधानसभाको कार्यान्वयन प्रणालीबारे यहाँ छलफल

गरिएको छ। यो सत्य हो कि वर्तमान संविधानले गतिरोधको सामना गरेको छ। त्यसकारण संविधानसभाको निर्वाचनद्वारा एउटा नयाँ संविधान लेख्नु अनिवार्य भएको छ। मुलुक संविधानसभा तर्फ उन्मुख भई रहेको भए पनि यसको कार्यान्वयन प्रणालीबारे अस्पष्टता रहेका छन्। यो प्रक्रिया शुरु गर्न नेपाली कांग्रेस प्रतिनिधि सभाको पुन:स्थापनाको बाटोमा अघि बढ्न चाहन्छ भने माओवादीहरू गोलमेच सम्मेलनमा अडीग रहेका छन्। त्यसबारेमा सहमती प्राप्त गर्न यहाँ निम्न लिखित सातवटा कदमहरूको सिफारिस गरिएको छ:

१. संविधानसभा मार्फत नयाँ संविधान तर्फ अघि बढ्ने प्रतिबद्धताको संयुक्त घोषणा
२. राज्य र विद्रोहीद्वारा एकसाथ युद्ध विरामको घोषणा
३. संविधानसभाको निर्वाचन सम्पन्न नभएसम्म र विद्रोहीहरूलाई असैन्यीकरण नगरे सम्मका लागि संयुक्त राष्ट्र संघद्वारा युद्ध विरामको सुपरिवेक्षण।
४. सरकार र माओवादीहरूबीचको वार्ता दुईपटकसम्म असफल भइसकेको छ। त्यसकारण दलहरूका अधिकार सम्पन्न कार्यकारी व्यक्तिहरू र नयाँ संविधानका मार्ग दर्शक सिद्धान्तहरू सूत्रीकरण गर्ने विशेषज्ञहरू रहेको एउटा संयन्त्रद्वारा वार्ता संरचनाको सुपरिवेक्षण गरिनु पर्दछ।
५. निर्णयहरू आम सहमतीको आधारमा हुनुपर्दछ। यदि साझा सहमती प्राप्त नभएमा प्राय सहमतीको सिद्धान्त अवलम्बन गर्न सकिन्छ।
६. समाजका साँस्कृतिक, जातिय, सीमान्तकृत र उत्पीडित वर्ग समूहहरूको आकांक्षा प्रतिविम्वित हुनेगरी संविधानसभाको निर्वाचन गरिनु पर्छ।
७. संविधानसभा समावेशी हुनुपर्छ असमावेशी होइन। सबै वर्ग समुदायका जनताले संविधान निर्माण प्रक्रियामा सक्रिय भाग लिनु पर्दछ।

## ७. निर्वाचन र कार्यविधि[३]

संविधान सभामा यति नै सदस्य हुनु पर्छ भनी किटान गर्नु पर्ने जरुरी छैन। मुलूकको जनसंख्या, समाजको बनोट र आवश्यकताका आधारमा सदस्य संख्या निर्धारण गर्न सकिन्छ। चुनाव र मतदानका हिसावले संविधानसभाको निर्वाचन पनि विगतका प्रतिनिधिसभामा गरिने मतदानभन्दा खासै भिन्न हुँदैन। तर निर्वाचन प्रणाली र प्रतिनिधित्वको सिद्धान्तमा पुनर्विचार गर्नु भने जरुरी छ। नेपालमा अभ्यास गरिएको बढी मत ल्याउनेले जित्ने प्रणालीले सबै पक्षलाई समावेश गर्न सकेको पाइएन। त्यसैले समावेशीकरणका लागि आदिवासी, महिला, जनजाति, मधेसीलगायत विभिन्न समुदायले आरक्षणको माग गर्दै आएका छन्। आरक्षण वा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमध्ये कुन कुन विकल्प रोज्ने भन्ने दलहरुले समझदारी गर्ने विषय हो। जुनसुकै उपाय गरे पनि सबै भाषाभाषी, क्षेत्र, समुदाय र लिंगको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु अनिवार्य छ। निर्वाचनमा जनताले प्रत्यक्ष मतदान गर्दछन्। प्रत्येक व्यक्तिलाई स्वतन्त्र उम्मेदवारी दिने अधिकार भए पनि निर्वाचनमा दलकै भूमिका महत्वपुर्ण हुन्छ। आफ्नो समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न विभिन्न समुदायले दललाई नै सशक्त रुपमा दबाव दिन सक्नुपर्छ।

निर्वाचन भएपछि संविधानसभाले कार्यविधि आफैले निर्माण गर्छ। अहिलेको समयमा संविधान निर्माणको विषय संविधानसभाको सदनभित्र मात्रै सीमित रहन सक्दैन। त्यसकारण संविधानका विविध पक्षको मस्यौदा निर्माण समितिले जनतासंग प्रत्यक्ष संवाद गर्ने र जनचाहनालाई भावी संविधानमा प्रतिविम्बित गर्ने प्रयत्न गरिनुपर्ने हुन्छ। मस्यौदा समितिमा विशेषज्ञको उपस्थिति, परामर्श र संवाद खुला राख्नु पर्छ। मस्यौदा तयार भएपछि आम जनताबीच छलफलका लागि प्रस्तुत गर्न सकिन्छ। त्यसमा आएका सुझावसमेतलाई विचार गरेरमात्र संविधानसभालाई अन्तिमरूप दिनु उचित हुनेछ।

संविधानसभाले संविधान निर्माण र संसद्को दोहोरो दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। तसर्थ संविधान निर्माणको प्रक्रियालाई संविधानमा समावेश गरिने विभिन्न विषयका लागि अलग-अलग मस्यौदा समिति निर्माण गर्ने र सरकारको कामकाजलाई नियन्त्रण र वैधता कायम गर्न संक्षिप्त विधायिकी कार्यलाई समेत सँगसँगै चलाउनु पर्छ।

भावी संविधानमा समावेश हुने विभिन्न विषयका लागि अलग-अलग मस्यौदा समिति निर्माण गर्ने र ती समितिमा उपलब्ध निर्वाचित बिशेषज्ञता र दलहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ। साथै आवश्यकताअनुसार सम्बन्धित विषयका विशेषज्ञसँगको परामर्श र सरोकार समुदायसँगको संवादलाई प्रशस्त ठाउँ दिनुपर्छ। यसरी तयार हुने मस्यौदालाई संविधानसभाले अनुमोदन गर्नुपूर्व आम जनताबीच प्रस्तुत गर्ने र उनीहरुको दृष्टिकोण र विचारलाई समेत समावेश गरी नेपाली जनताका नाममा संविधानको घोषणा गर्नुपर्छ।

## ८. सम्भावनाहरू

यस लेखमा नेपालमा संविधानसभा तर्फको संक्रमणको सम्भावित रणनीतिको पनि चर्चा गरिएको छ। नेपालको संविधान निर्माण प्रक्रियाले माओवादी विद्रोह र वर्तमान संवैधानिक गतिरोधको अन्त्य गर्ने लक्ष राखेको छ, जुन अत्यन्त जटिल प्रक्रिया र कठीन कार्य हो। देश तीव्र रूपले गणतन्त्र तर्फ अघि बढिरहेको छ। तर गद्दीसीन राजाले गणतन्त्र तर्फको शान्तिपूर्ण संक्रमणलाई सम्भव हुन दिन्छन् भन्ने सोच्नु अति आदर्शवादी हुनु हो। त्यसैले हामीसँग दुईवटा मात्र विकल्पहरू छन्। ती हुन् या त प्रजातान्त्रिक ढाँचाभित्र संवैधानिक राजतन्त्र कायम राख्न या संविधानसभामा बहुमत जनताले गणतन्त्रमा जाने चाहना गरे भने राजालाई सम्मानजनक ढंगले सत्ता छोड्न लगाउने।

संविधानले एउटा खाकाको रूपमा निश्चित संस्था र प्रक्रिया स्थापना गर्न सक्छ तर समाजका मुख्य कर्ताहरुमा असल प्रवृत्ति घुसाउन सक्तैन। त्यसैले धेरै कुरा राजनीतिक शक्तिहरूले संवैधानिक प्रावधानहरूको कतिको प्रयोग गर्न सक्छन् र प्रजातान्त्रिक प्रणाली अनुसारको सुसंगत व्यवहार र राजनीतिक संस्कृतिको विकास कुन हदसम्म गर्न सक्छन् भन्ने कुरामा धेरै कुरा निर्भर रहन्छ। नेपालमा माओवादी लगायत सबै वामपन्थी र दक्षिणपन्थी वृत्तमा गैरसंवैधानिक प्रवृत्ति रहेको छ। त्यसैले यदि उनीहरू संवैधानिक समाधानप्रति इमान्दार छन् भने उनीहरूले संवैधानिक प्रणाली र जनादेशको सम्मान गर्नु पर्दछ।

नेपालको मूल प्रवाहमा रहेका दलहरू राजा र माओवादीहरूलाई शंकाको दृष्टिले हेर्दछन्। नेपालको सन्दर्भमा यो स्वभाविक पनि छ। राजाले संविधानसभाद्वारा बढी शक्ति आर्जन गर्ने सम्भावना छैन तर माओवादीहरूले यसलाई प्रजातान्त्रिक सिद्धान्त र वि. सं. २०४७ (सन् १९९०) को संविधान अन्तर्गत प्राप्त भएका मूल्यहरूलाई समाप्त गरेर एक दलीय अधिनायकवाद स्थापना गर्ने मध्यमको रूपमा प्रयोग गर्ने छन् कि भन्ने डर चाहीं छदैंछ। माओवादीहरूले उनीहरूको नियन्त्रण भएको इलाकाहरूसम्म राजनीतिक गतिविधि गर्न र सामान्य नागरिक जीवन यापन गर्न दिएनन् भने त्यो शंका रहिरहने छ र वार्ता प्रक्रिया पनि कठीन हुनेछ।

[३] यो खण्ड १७ बैशाख २०६३ मा कान्तिपुर दैनिकमा प्रकाशित लेखकसँगको कुराकानीमा आधारित लेख 'संविधानसभा' बाट साभार गरिएको हो।

शान्तिका लागि सहकार्य
११७/३६, पूजा प्रतिष्ठान मार्ग, पुरानो वानेश्वर, पोष्ट बक्स: ११०३३, काठमाडौं, नेपाल
फोन: ४४८०४०६, फ्याक्स: ४४७२७९८, इमेल: info@ffp.org.np, वेब साइट: www.friendsforpeace.org.np